श्री

राजस्व न्यायाधिकरण काठमाडौं

**इजलास**

माननीय अध्यक्ष श्री किशोर सिलवाल

राजस्व सदस्य श्री जीवन कुमार घिमिरे

लेखा सदस्य श्री डम्बर वहादुर कार्की

**फैसला**

२०७६/०७७ सालको निर्णय नं. ५२

पुनरावेदन नं. ०७५-RB-०३५०

Cholayil House Pomalappuram Kerala India स्थायी घर भई हाल कारागार कार्यालय नख्खु ललितपुरमा थुनामा रहेका राहदानी नं.R2277038 बाहक बर्ष ३९ को Aarshad Cholayil......................................................................१ } पुनरावेदक प्रतिवादी

**विरुद्ध**

महानगरीय प्रहरी विमानस्थल सुरक्षा कार्यालय गौचरका प्र.ना.नि. श्री कमल बहादुर जि.टी. समेतको प्रतिवेदनले नेपाल सरकार....................................................१ } प्रत्यर्थी वादी

२०७६/०७७ सालको निर्णय नं. ५३

पुनरावेदन नं. ०७५-RB-०३५१

Vypinpadath House Poelangadi Mannarial Malappuram Kerala India स्थायी घर भई हाल कारागार कार्यालय जगन्नाथदेवल त्रिपुरेश्वर काठमाण्डौ अन्तर्गत भद्र बन्दी गृहमा थुनामा रहेको राहदानी नं. Z2992999, बाहक बर्ष ४१ को Jalaludheen Vypinpadath Kunju Mohammed.............................................................................१ } पुनरावेदक प्रतिवादी

विरुद्ध

महानगरीय प्रहरी विमानस्थल सुरक्षा कार्यालय गौचरका प्र.ना.नि. श्री कमल बहादुर जि.टी. समेतको प्रतिवेदनले नेपाल सरकार....................................................१ } प्रत्यर्थी वादी

**मुद्दा : सुन चोरी पैठारी ।**

शुरु निर्णय गर्ने कार्यालय : त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचर
शुरु निर्णय गर्ने अधिकारी : श्री गजेन्द्र कुमार ठाकुर
शुरु निर्णय मिति : २०७५/१२/१४

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री मोहन बहादुर बन्जार क्षेत्री

प्रत्यर्थीको तर्फबाट : विद्वान शाखा अधिकृत श्री टेकनाथ अधिकारी

यसमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक श्री गजेन्द्र कुमार ठाकुरले मिति २०७५।१२।१४ मा गर्नुभएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ (१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम प्रतिवादीहरु Arshad Cholayil र Jalaludheen Vypinpadath Kunju Mohammed को पुनरावेदन दर्ता भई सुनुवाईको लागी पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः-

मुद्दाको तथ्य

१. मिति २०७५/०३/२१ गतेका दिन विहानको करिव १९:३० बजेको समयमा **FLY DUBAI** को **FLIGHT NO. FZ575** हुँदै दुवईबाट काठमाण्डौ आएका भारतीय राहदानी नं. **Z2992999** वाहक भारतीय नागरिक **JALALUDHEEN VYPINPADATH KUNJU MOHAMMED** र भारतीय राहदानी नं. **R2277038** वाहक **ARSHAD CHOLAYIL** लाई त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय आगमन तर्फको मेनगेट प्रहरी चेकिङ्ग एरियामा चेकजाँच गर्दा **JALALUDHEEN VYPINPADATH KUNJU MOHAMMED** को साथबाट विस्कुट आकारको **10 TOLAS GOLD 999.0** लेखिएको सुनको टुक्रा थान आठ र **ARSHAD CHOLAYIL** को साथबाट विस्कुट आकारको **10 TOLAS GOLD 999.9** लेखिएको सुनको टुक्रा थान आठ गरी जम्मा मूल्य रु. ९२,३६,८८४ बराबरको जम्मा १८६४ ग्राम निजहरुले विस्कुट आकारको सुन जम्मा थान सोह्र मलद्धार भित्र लुकाई छिपाई ल्याएको अवस्थामा बरामद गरी पक्राउ गरिएको निजहरुको सोही अनुसार सुन ल्याएको हो भनि स्वीकार समेत गरेको हुँदा भन्सार ऐन २०६४ बमोजिम कारवाही गरि पाउँ भन्ने बेहोराको प्र.ना.म.नि. कमल बहादुर जिटी समेतको प्रहरी प्रतिवेदन, बरामदी मुचुल्का, बरामदी विस्कुट आकारको सुन र मानिसहरु **JALALUDHEEN VYPINPADATH KUNJU MOHAMMED** र **ARSHAD CHOLALYIL** महानगरीय प्रहरी विमानस्थल सुरक्षा कार्यालय गौचरको च.नं. २०४३ मिति २०७५/०३/२२ को पत्रसाथ मिति २०७५/०३/२२ गते त्रिभूवन विमानस्थल भन्सार कार्यालयमा दाखिला हुन आएको।

२. मिति २०७५/०३/२२ को उजूरी प्रतिवेदन, बरामदी मुचुल्का, बरामदित सुन र मानिसहरु **JALALUDHEEN VYPINPADATH KUNJ MOHAMMED** र **ARSHAD CHOLAYIL** सहित दाखिला हुन आएकोले भन्सार ऐन, २०६४ को दफा ४६ को उपदफा (३) बमोजिम कारबाहीको लागि मुद्दा दर्ता गर्ने र प्रतिवादीहरुको वयान तथा अन्य कानूनी कारवाही अगाडि बढाउने भनि मिति २०७५/०३/२२ मा त्रिभूवन विमानस्थल भन्सार कार्यालयको आदेश।

३. मिति २०७५/०३/२१ गते करिब १९:३० बजेको समयमा **FLY DUBAI** को **FLIGHT No. FZ 575** हुँदै दुवईबाट काठमाण्डौ आउँदा त्रिभूवन विमानस्थलको उडानतर्फ आगमन मेनगेट प्रहरी चेकिङ्ग एरियामा प्रहरीले चेकजाँच गर्ने क्रममा मेरो साथबाट विस्कुट आकारको **10 TOLAS GOLD 999.0** लेखिएको सुनको टुक्रा थान आठ शरीरको मलद्धारबाट बरामद गरेको हो, तौल गर्दा ९३२ ग्राम भएको थियो। सुन ल्याउन पाईदैन भनेर मबाट बरामद गरेको हो, सो सुनको भन्सारमा घोषणा गरेको थिईन, उक्त सुन कुञ्जु भन्नेले दुवईको **DEIRA** नजिक **NAIFE POLICE STATION ROOM NO. R 16 FURGILMURAR ROAD OPPOSITE TO TALAL SUPAR MARKET** मा बस्ने **HAMEED** भन्नेको कोठाबाट मलाई दिएको हो, नेपाल सुन लैजान सजिलो हुने भन्ने ठानेर नेपाललाई ट्रान्जिट बनाएर आएको हो, मैले पहिलो पटक सुन यसरी राखेको हो, विदेशी नागरिकले काँचो सुन ल्याउन नपाईने भन्ने नेपालको कानूनी व्यवस्थाको सम्बन्धमा जानकारी थिएन भन्ने समेत बेहोराको प्रतिवादी **JALALUDHEEN VYPINPADATH KUNJU MOHAMMED** ले त्रिभूवन विमानस्थल भन्सार कार्यालय समक्ष गरेको वयान।

४. मिति २०७५/०३/२१ गते करिब १९:३० बजेको समयमा **FLY DUBAI** को **FLIGHT No. FZ** ५७५ हुँदै दुवईबाट काठमाण्डौ आउँदा त्रिभूवन विमानस्थलको उडानतर्फ आगमन मेनगेट प्रहरी चेकिङ्ग एरियामा प्रहरीले चेकजाँच गर्ने क्रममा मेरो साथबाट विस्कुट आकारको १० **TOLAS GOLD** ९९९.० लेखिएको सुनको टुक्रा थान आठ शरीरको मलद्धारबाट बरामद गरेको हो, तौल गर्दा ९३२ ग्राम भएको थियो। सुन ल्याउन पाईदैन भनेर मबाट बरामद गरेको हो, सो सुनको भन्सारमा घोषणा गरेको थिईन, उक्त सुन कुञ्जु भन्नेले दुवईको **DEIRA** नजिक **NAIFE POLICE STATION ROOM NO. R** १६ **FURGILMURAR ROAD OPPOSITE TO TALAL SUPAR MARKET** मा बस्ने **HAMEED** भन्नेको कोठाबाट मलाई दिएको हो, नेपाल सुन लैजान सजिलो हुने भन्ने ठानेर नेपाललाई ट्रान्जिट बनाएर आएको हो, मैले पहिलो पटक सुन यसरी राखेको हो, विदेशी नागरिकले काँचो सुन ल्याउन नपाईने भन्ने नेपालको कानूनी व्यवस्थाको सम्बन्धमा

जानकारी थिएन भन्ने समेत बेहोराको प्रतिवादी **ARSHAD CHOLAYIL** ले त्रिभूवन विमानस्थल भन्सार कार्यालय समक्ष गरेको वयान।

५. कार्यालयको प.स. २०७४/०७५ च.नं. २४६५ मिति २०७५/०३/२९ गते श्री जिल्ला सरकारी सरकारी वकिल कार्यालय, काठमाण्डौ बबरमहल, काठमाण्डौमा रायको लागि सक्कल मिसिल पठाइएकोमा जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौका सहायक जिल्ला न्यायाधिवक्ता श्री योगेन्द्र प्रसाद ढुङ्गेलबाट भएको निर्णयमा **JALALUDHEEN VYPINPAADATH KUNJU MOHAMMED** ले वयान गर्दा आफू ९३२ ग्राम सुन बरामद भएको हो। उक्त सुन कुन्जु भन्नेले दुवईमा **HAMEED** भन्नेको कोठाबाट दिएको हो, भन्सार घोषणा गरेको छैन, नेपालमा ५० ग्राम भन्दा बढि काँचो सुन ल्याउन नपाईने भन्ने थाहा भएन भनि वयान गरेको र अर्का प्रतिवादी **ARSHAD CHOLAYIL** ले वयान गर्दा समेत सोही व्यहोराको वयान गरेको देखिएको समेतको आधार प्रमाणहरुबाट प्रतिवादीहरुले एकआपसमा मिलि मूल्य रु. ९२,३६,८८४/- पर्ने जम्मा १८६४ ग्राम सुन अबैध रुपमा लुकाई छिपाई भन्सार चोरी पैठारी गरी नेपाल ल्याई नेपाल सरकार वाणिज्य तथा आपूर्ती मन्त्रालयको मिति २०६७/०५/१७ को राजपत्रमा प्रकाशित सूचना भन्सार ऐन २०६४ को दफा १८ को उपदफा १ र दफा ३८ र दफा ५७ विपरितको कसूर गरेको पुष्टि भएकोले उल्लेखित कसूरमा प्रतिवादीहरुलाई भन्सार ऐन २०६४ को दफा ५७(१)(ग) बमोजिम विगो रु. ९२,३६,८८४/- कायम गरी विगो बमोजिम जरिवाना हुनका साथै ऐ.ऐनको दफा ७१ बमोजिम पुरस्कारको व्यवस्था हुन एवं प्रतिवादीहरुको वयान पोलमा परेका कुन्जु र **HAMEED** भन्ने व्यक्तिको हकमा एकिन नाम थर वतन खुली आए वा नेपाल सरहद भित्र पक्राउ परी आएका बखत मुलुकी ऐन अदालती बन्दोवस्ती ८८ बमोजिम पुरक अभियोग पत्र पेश गर्ने समेतको मागदावी लिई प्रतिवादीहरु **JALALUDHEEN VYPINPADATH KUNJU MOHAMMED** र **ARSHAD CHOLAYIL** विरुद्ध सम्बन्धित भन्सार अधिकृत समक्ष मुद्दा चलाउने भन्ने विमानस्थल भन्सार कार्यालयको मिति २०७५/०३/३२ को निर्णय।

६. भन्सार ऐन, २०६४ को दफा ९ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट मिति २०७३/०४/०१ देखि लागू हुने गरी प्रकाशित निजी गुन्टा, झिटी भारी सम्बन्धी सूचनाको दफा ६ को उपदफा (१) को खण्ड (ञ) बमोजिम विदेशी यात्रुले आफ्नो साथमा पचास ग्रामसम्म सुनको गहना र सय ग्रामसम्म चाँदीका गहना ल्याउन पाउनेछन भन्ने कानूनी व्यवस्था गरेको छ। नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालयको मिति २०६७/०५/१७ को सूचनाबाट मिति २०६७/०५/१८ देखि काँचो सुनको पैठारीमा पूर्ण बन्देज लगाएको तथा नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति

२०६७/०८/१४ को निर्णयले तोकेको प्रक्रिया पूरा गरी पैठारी गर्न पाईने कानूनी व्यवस्था रहेकोले व्यक्तिगत रुपमा सुन पैठारी गर्न बन्देज रहेका निजी गुण्टा झिटी भारी सम्बन्धी सूचनाको दफा ७ ले कुनै यात्रुले भन्सारमा घोषणा नगरी कुनै सामान लुकाई छिपाई ल्याउन वा लैजान प्रयत्न गरेमा वा यस सूचनाको प्रतकूल हुने गरी कुनै सामान ल्याएमा वा लैजान खओजेमा त्यस्तो सामान जफत गरी प्रचलित कानून बमोजिम कारवाही हुने, भन्सार ऐन २०६४ को दफा ३८ बमोजिम प्रतिवादीले भन्सारमा कही कतै घोषणा नगरी भन्सार तिरेको निस्सा पेश नगरी पक्राउ परेकोले भन्सार ऐन २०६४ को दफा ५७ को उपदफा (१) को बर्खिलाप गरी कसूर गरेका होईनन् भन्न सकिने मनासिव आधार नदेखिएको, प्रतिवादीहरुले उल्लेखित सुनको पैठारीमा पूर्ण बन्देज लागेको सुन प्रतिवादीहरु **JALALUDHEEN VYPINPADATH KUNJU MOHAMMED** र **ARSHAD CHOLAYIL** ले शरीरको मलद्धारमा राखी ल्याएको विस्कुट आकारको क्रमश आठ/आठ थान तौल क्रमश प्रत्यक थानको ९३२ ग्राम गरी जम्मा १८६४ ग्राम सुन लुकाई छिपाई निजको कार्य दफा ३८ बमोजिम चोरी पैठारीको कसूर अपराध गरेको देखिँदा निज प्रतिवादीहरुलाई भन्सार ऐन २०६४ को दफा ५७ को उपदफा (१) बमोजिम गो.सि.टे बाट प्रमाणित कागजमा निजहरुबाट बरामदित मूल्य रु. ९२,३६,८८४/- बराबरको तौल १८६४ ग्राम सुन भन्सार छली चोरी पैठारी गरी भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) को बर्खिलाप गरी चोरी पैठारी कसूर गरेको होईन भन्न सकिने नदेखिएकोले भन्सार ऐनको दफा ४१ को उपदफा (३) बमोजिम निजलाई नगद धरौटीमा छाड्दा निजले प्रमाण लोप गर्नब सक्ने आधार देखिएकोले तत्काल प्राप्त प्रमाणबाट भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१ग) को खण्ड (ग) बमोजिम तीन महिना देखि एक बर्षसम्म कैद सजाय हुन सक्ने अपराधको कसूर गरेको देखिएकोले निजलाई पूर्पक्षको लागि थुनामा राख्न थुनुवा पूर्जि दिई कारागार कार्यालय काठमाण्डौमा चलान गर्न भन्ने समेतको थुनछेक आदेश।

७. प्राप्त उजूरी प्रतिवेदन, बरामदी मुचुल्का र प्रतिवादीहरुको वयान, दशी प्रमाण तथा कानूनी व्यवस्था समेतका आधारमा विश्लेषण गर्दा प्रतिवादीहरुले कही कतै पनि भन्सारमा आफूले ल्याएको सुनको प्रज्ञानपत्र भरेको वा भन्सार तिरेको निस्सा पेश गरेको नदेखिएको र बरामदित सुन निजहरुले शरीरको मलद्धारमा राखी ल्याएको, विस्कुट आकारको प्रतिव्यक्ती आठ/आठ थानले हुन आउने दुई जनाको जम्मा १६ थानको जम्मा तौल १८६४ ग्राम सुन दुवई बस्ने कुन्जु भन्ने **HAMEED** बाट लिएको र दुवै जनाको एकै प्रकृतिको सुन लुकाई छिपाईको अवस्था र दुवैले एक आपसमा साठगाँठ गरी दुवई बस्ने एउटै कुन्जु भन्ने **HAMEED** बाट सुन लिई चोरी पैठारी गर्ने कार्यमा संलग्न भएकोले भन्सार ऐन २०६४

को दफा ३८ बमोजिम चोरी पैठारी भएको ठहर्छ। सो ठहर्नाले भन्सार ऐन २०६४ को दफा ५७ को उपदफा १(ग) बमोजिम निज प्रतिवादीहरुले प्रत्यकको मलद्धारमा राखी लुकाई ल्याएको विस्कुट आकारको सुन जनही आठ थानको ९३२/९३२ ग्राम सुनले हुने जम्मा सोह्र थानको कुल तौल १८६४ ग्राम सुन जफत हुन्छ। निज प्रतिवादीहरुबीच एक आपसमा साँठगाँठ भई सुन तस्करी कार्य गरेकोले भन्सार ऐन २०६४ को दफा ५७ को उपदफा (ग) बमोजिम प्रतिवादीहरुबाट जफत भएको सुनको जनही विगो रु. ९२,३६,८८४/- जरिवाना र सोही उपदफाको खण्ड (ग) बमोजिम निज प्रतिवादीहरुलाई जनही नौ महिना कैद हुने ठहर्छ। वाँकी तीन महिना कैद बापत प्रति महिना १५२१/- को दरले कैद वापतको जम्मा रु. ४,५६३/- हुने ठहर्छ। जफत सुन नेपाल राष्ट्र बैंक, टक्सार महाशाखा, सुन्धारामा पठाई सो वापत प्राप्त रकमबाट मुद्दाको अन्तिम किनारा लागेपछि प्रतिवेदहरुले भन्सार नियमावली २०६४ को नियम ४७ को उपनियम १ को खण्ड (ख) बमोजिम पुरस्कार पाउने समेत ठहर्छ भन्ने समेत बेहोराको त्रिभूवन विमास्थल भन्सार कार्यालयबाट मिति २०७५/१२/१४ मा भएको निर्णय।

८. प्रतिवादीले भन्सार ऐन २०६४ को दफा ३८ र ५७(१)(ग) बमोजिम कसूर गरेको भएपनि शुरु फैसलाले प्रतिवादीको अवस्था निज आफैं मुनाफा कमाउन लगानी गरी सुन चोरी पैठारी गरेको हो कि कसैको लोभ लालचमा परी जानी नजानी भरिया बनेका हुन्, निजहरुको पारिवारिक, आर्थिक, सामाजिक स्थिति, निजले गरेको कसूरको मात्रा र भन्सार ऐन २०६४ को दफा ५७ मा भएको फैसला भनि कदापी मान्न मिल्दैन। म पुनरावेदकलाई अभियोग दावी भन्सार ऐन २०६४ को दफा ३८, ५७(१)(ग) को लिईएकोमा उक्त दफा ५७(१)(ग) को व्यवस्था हेर्दा, पच्चीस लाख भन्दा बढि पचास लाख रुपैयासम्मको विगोमा तीन महिना देखि ६ महिनासम्म कैद व्यवस्था छ, मलाई फौज्दारी मुद्दामा अर्को प्रतिवादीले गरेको कसूर समेत जोडेर ९ महिना कैद र रु. ९२,३६,८८४/- जरिवाना र थप ३ महिनाको रु.१५२१/- को दरले हुने रु. ४५६३/- समेत जरिवाना हुने गरी फैसला भएको छ। मबाट बरामद भएको ९३२ ग्राम सुनको रु. ४६,१८,४४२/- मात्र हुन्छ भने मलाई ९ महिना प्लस ३ महिना गरी १ बर्ष कैद हुनै सक्दैन, तसर्थ शुरु भन्सार कार्यालयको प्रशासकले गरेको मिति २०७५/१२/१४ को फैसला प्रमाण ऐन २०३१ को दफा ३ र ५४, भन्सार ऐन २०६४ को दफा ५७(१)(ग) विपरित भएकोले उल्टी गरी प्रचलित ऐन कानून बमोजिम ईन्साफ गरी पाउँ भन्ने समेत बेहोराको **Aarshad Cholayil** ले यस न्यायाधीकरण समक्ष पेश गरेको पुनरावेदन पत्र।

९. प्रतिवादी उल्लेखित मिति र समयमा **FLY DUBAI** बाट काठमाण्डौ आएको र निजबाट ९३२ ग्राम सुन बरामद भएको, उक्त सुन नेपालको कानूनी प्रकृया पुरा नगरी ल्याएको भनी

लिईएका आधारलाई हेर्दा भारतीय नागरिक प्रतिवादी कुनै अमुक व्यक्तिको भरियाको रुपमा आएको व्यक्तिले नेपालको कानूनी प्रकृया पूरा गर्न सक्ने अवस्था नभए पनि नेपालको कानूनको जानकारी राख्ने निर्णयकर्ताले छुट्टाछुट्टै बरामद भएको सुनलाई एकै ठाउँमा गाभी ९३२ ग्राम सुनको रु.९२,३६,८८४/- विगो तथा जरिवाना हुन्छ वा हुदैन भन्ने ख्यालै नगरी भएको शुरु फैसला कानूनसंगत छैन भन्ने समेत बेहोराको **Jalaludheen vypinpadath kunju mohammed** ले यस न्यायाधीकरण समक्ष पेश गरेको पुनरावेदन पत्र।

१०. यसमा मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६/०५/१८ मा भएको आदेश।

<u>ठहर खण्ड</u>

११. नियमबमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री मोहन बहादुर बन्जारा क्षेत्रीले भरियाका रुपमा नेपाल आएका पुनरावेदकहरुबाट छुट्टाछुट्टै बरामद भएको सुनलाई एकै ठाउँमा गाभी ९३२ ग्राम सुनको रु.९२,३६,८८४/- विगो तथा जरिवाना हुन्छ वा हुदैन भन्ने ख्यालै नगरी भएको शुरु फैसला कानूनसंगत छैन, न्यायिक मनको प्रयोग नगरी त्रिभूवन भन्सार कार्यालयबाट भएको निर्णय त्रुटिपूर्ण भएकोले उक्त निर्णय बदर गरी प्रचलित ऐन कानून बमोजिम ईन्साफ गरी पाउँ भनी र प्रत्यर्थी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्धान शाखा अधिकृत श्री टेकनाथ अधिकारीले वारदातको सम्बन्धमा प्राप्त उजूरी प्रतिवेदन, बरामदी मुचुल्का, बरामद दशी प्रमाण तथा निज प्रतिवादीहरुले अनुसन्धानको क्रममा गरेको वयान समेतका आधारमा प्रतिवादीले उपर आरोपित कसूर स्थापित भैरहेको अवस्थामा त्रिभूवन विमानस्थल भन्सार कार्यालयले गरेको निर्णय कानुनसंगत रहेको हुँदा शुरु निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१२. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७५।१२।१४ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकहरुको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१३. प्रतिवादीले कही कतै पनि भन्सारमा आफूले ल्याएको सुनको प्रज्ञानपत्र भरेको वा भन्सार तिरेको निस्सा पेश गरेको नदेखिएको र बरामदित सून निजहरुले शरीरको मलद्धारमा राखी

ल्याएको, विस्कुट आकारको प्रतिव्यक्ती आठ/आठ थानले हुन आउने दुई जनाको जम्मा १६ थानको जम्मा तौल १८६४ ग्राम सुन दुवई बस्ने कुन्जु भन्ने **HAMEED** बाट लिएको र दुवै जनाको एकै प्रकृतिको सुन लुकाई छिपाईको अवस्था र दुवैले एक आपसमा साठगाँठ गरी दुवई बस्ने एउटै कुन्जु भन्ने **HAMEED** बाट सुन लिई चोरी पैठारी गर्ने कार्यमा संलग्न भएकोले भन्सार ऐन २०६४ को दफा ३८ बमोजिम चोरी पैठारी भएको ठहर्छ। सो ठहर्नाले भन्सार ऐन २०६४ को दफा ५७ को उपदफा १(ग) बमोजिम निज प्रतिवादीहरुले प्रत्यकको मलद्धारमा राखी लुकाई ल्याएको विस्कुट आकारको सुन जनही आठ थानको ९३२/९३२ ग्राम सुनले हुने जम्मा सोह्र थानको कुल तौल १८६४ ग्राम सुन जफत हुन्छ। निज प्रतिवादीहरुबीच एक आपसमा साँठगाँठ भई सुन तस्करी कार्य गरेकोले भन्सार ऐन २०६४ को दफा ५७ को उपदफा (ग) बमोजिम प्रतिवादीहरुबाट जफत भएको सुनको जनही विगो रु. ९२,३६,८८४/- जरिवाना र सोही उपदफाको खण्ड (ग) बमोजिम निज प्रतिवादीहरुलाई जनही नौ महिना कैद हुने ठहर्छ। बाँकी तीन महिना कैद बापत प्रति महिना १५२१/- को दरले कैद वापतको जम्मा रु. ४,५६३/- हुने गरी त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७५।१२।१४ मा भएको निर्णय उपर चित्त नबुझाई प्रतिवादीहरु **Aarshad Cholayil** र **Jalaludheen Vypinadath Kunju Mohammed** को तर्फबाट यस न्यायाधिकरण समक्ष प्रस्तुत पुनरावेदनपत्र दर्ता हुन आएको देखियो ।

१४. पुनरावेदकहरुको पुनरावेदन जिकिर हेर्दा मुख्यतः प्रतिवादीहरु कुनै अमुक व्यक्तिको रुपमा आएका हुनाले नेपालको कानूनी प्रकृया पुरा गर्न नसक्ने हुँदा निर्णयकर्ताले छुट्टाछुट्टै बरामद भएको सुनलाई एकै ठाउँमा गाभी निज प्रतिवादीहरु Aarshad Cholayil र Jalaludheen Vypinadath Kunju Mohammed लाई उक्त गाभिएको सुनको विगो बराबरको जरिवाना तथा कैद हुने गरी भएको शुरु निर्णय त्रुटीपुर्ण छ भन्ने समेत बेहोराको पुनरावेदन जिकिर लिएको पाइन्छ।

१५. निर्णय तर्फ विचार गर्दा, मिति २०७५।०३।२१ गतेका दिन अन्दाजी १९:३० बजेको समयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन तर्फको मेनगेट प्रहरी चेकिङ्ग एरियामा भारतीय नागरिक राहदानी नम्बर Z2992999 का Jalaludheen Vypinadath Kunju Mohammed तथा अर्का भारतिय नागरिक राहदानी नं. R2277038 का Aarshad Cholayil का साथबाट विस्कुट आकारको 10 TOLAS GOLD 999.0 लेखिएको सुनको टुक्रा थान आठ गरी जम्मा मूल्य रु.९२, ३८,८८४/- बराबरको जम्मा १८६४ ग्राम निजहरुले विस्कुट आकारको सुन जम्मा १६ थान मलद्धारभित्र लुकाई छिपाई ल्याएको अवस्थामा बरामद गरी पक्राउ गरिएको हुँदा निज प्रतिवादीहरुले समेत उक्त कसूर स्वीकार गरेको हुँदा निजहरुलाई

भन्सार ऐन, २०६४ बमोजिम कारवाही गरी पाउँ भन्ने  प्रहरी प्रतिवेदनबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ ।

१६. प्रतिवादीहरुले अनुसन्धान अधिकृत र भन्सार प्रमुख समक्ष बयान गर्दा, उल्लेखित समयमा FLY DUBAI को FLIGHT No. FZ 575 हुँदै दुवईबाट काठमाण्डौ आउँदा त्रिभूवन विमानस्थलको उडानतर्फ आगमन मेनगेट प्रहरी चेकिङ्ग एरियामा प्रहरीले चेकजाँच गर्ने क्रममा विस्कुट आकारको 10 TOLAS GOLD 999.0 लेखिएको सुनको टुक्रा थान आठ शरीरको मलद्धारबाट बरामद गरेको हो, तौल गर्दा ९३२ ग्राम भएको थियो। सुन ल्याउन पाईदैन भनेर मबाट बरामद गरेको हो, सो सुनको भन्सारमा घोषणा गरेको थिईन, उक्त सुन कुञ्जु भन्नेले दुवईको DEIRA नजिक NAIFE POLICE STATION  ROOM NO. R 16 FURGILMURAR ROAD OPPOSITE TO TALAL SUPAR MARKET मा बस्ने HAMEED भन्नेको कोठाबाट दिएको हो, नेपाल सुन लैजान सजिलो हुने भन्ने ठानेर नेपाललाई ट्रान्जिट बनाएर आएको हो, मैले पहिलो पटक सुन यसरी राखेको हो, विदेशी नागरिकले काँचो सुन ल्याउन नपाईने भन्ने नेपालको कानूनी व्यवस्थाको सम्बन्धमा जानकारी थिएन भनी कसूर स्वीकार गरेको अवस्था पाइन्छ ।

१७. प्रतिवादीहरु मौकामा र भन्सार प्रमुख समक्ष बयान गर्दा समेत कसूरजन्य कार्यमा आफ्नो संलग्नता रहेको भन्ने बारेमा इन्कार रहे पनि प्रतिवादीहरूले नै गरेको बयानबाट बरामदित सुनको प्रज्ञापनपत्र आफूसँग नभएको भनी खुल्न आएको हुँदा बरामदित मुचुल्कामा उल्लेखित सुन संकलन गरी प्रतिवादीहरूको संलग्नतामा पैठारी गरेको र त्यसरी गरिएको पैठारी कानून बमोजिम भएको नदेखिंदा प्रतिवादीहरुबाट बरामद भएको सुन भन्सार ऐन २०६४ को दफा ३८ बमोजिमको कसुरजन्य कार्य भएकोमा विवाद देखिंन आएन। यसरी प्रतिवादीहरूले निर्विवाद तवरमा चोरी पैठारीको कसूर गरेको पुष्टि भको हुँदा निजहरूलाई कसूरदार ठहराई जनही एक महिना कैद सजाय गरेको हदसम्मको शुरु निर्णयलाई अन्यथा भन्न मिल्ने अवस्था देखिंदैन ।

१८. जहाँसम्म कसूरदार ठहर भएका प्रतिवादीहरुलाई शुरु भन्सार कार्यालयले निर्धारण गरिए बमोजिमकै जरिवानालाई कायम गर्नुपर्ने हो वा पुनरावेदक तर्फबाट उपस्थित विद्धान कानून व्यवसायीले जिकिर लिए बमोजिम कायम विगोको दामासाहीले हुनुपर्ने भन्ने सम्बन्धमा विचार गर्दा बरामदी मुचुल्का अनुसार पक्राउ परेका दुवै जना प्रतिवादी प्रत्येकबाट जनही आठ थानको ९३२/९३२ ग्राम बराबरको सुन बरामद भएको र दुवै प्रतिवादीबाट बरामद भएको सुनको परिमाणको आधारमा सो दिनको सुनको बजार मूल्य ९३,३६,८८४/- कायम भएको देखिन्छ। शुरु भन्सार कार्यालयबाट निर्णय गरिदा दुवै जना प्रतिवादी सबैलाई विगो बमोजिम जनही जरिवाना गरेको पाइयो । अब यस्तो कसूरमा के कति जरिवाना गर्न सकिने भन्ने

सम्बन्धमा भन्सार ऐन २०६४ को दफा ५७(१) मा "कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ । साथै ऐ. दफाको (१ग) मा उपदफा (१) बमोजिमको कसूरको विगो पचास लाख रूपैयाँदेखि बढी १ करोड रूपैयाँसम्म बिगो भएमा भन्सार अधिकृतले त्यस्तो मालबस्तु जफत गरी सो मालबस्तुको विगो बमोजिमको जरिवाना गर्न सक्ने"भन्ने उल्लेख भएको देखिन्छ। यस कानूनी व्यवस्थाले कसूरदार ठहरिएका प्रत्येक व्यक्तिलाई विगो बमोजिम जरिवाना गर्न पर्ने तर्फ इंगित गरेको भएतापनि यस दफामा प्रयुक्त शब्दावलीलाई हेर्दा धेरै प्रतिवादीहरु भएको अवस्थामा विगोको आधारमा जनही नै जरिवाना गर्नुपर्ने अनिवार्यतालाई यस दफाले जनाउने देखिदैन। कानूनमा दण्ड सजायको व्यवस्था गर्दा स्पष्ट किटानी गरी कानूनको निर्माण गरिएको हुनुपर्दछ। प्रस्तुत कानूनी व्यवस्था हेर्दा विगो र जरिवानामा विधिकर्ताले तादात्म्यता कायम गरेको देखिन्छ र अधिकार प्राप्त निकायले निर्णय गर्दा विधिकर्ताले ऐन निर्माण गर्दा स्थापित गरेको त्यस्तो तादाम्यतालाई निर्णयकर्ताले पनि कायम गर्न सक्नु पर्दछ। यसै सन्दर्भमा "विगो बमोजिम जरिवाना" भन्ने कानूनी व्यवस्थाको तात्पर्य खुलाउँदै सम्मानित सर्वोच्च अदालतबाट "विगो बमोजिम जरिवाना भन्नाले प्रत्येक व्यक्तिलाई विगो बमोजिम नै जरिवाना गर्नु पर्दछ भन्ने कानूनी अर्थ गर्न नमिल्ने" भनी सिद्धान्त कायम भएको समेत पाइयो (ने.का.प. २०६७, अंक २, नि.नं. ८३२१, पृ. १०९३) यसरी भन्सार ऐन २०६४ को दफा ५७(१) को जरिवाना सम्बन्धी व्यवस्था तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित माथि उल्लेखित सिद्धान्तको परिप्रेक्षबाट हेर्दा यी प्रतिवादीहरुलाई विगो बमोजिम जनही जरिवाना गर्ने गरी शुरु भन्सार कार्यालयबाट गरेको फैसला विगो बमोजिम जनही जरिवाना गरेको हदसम्म प्रतिपादित नजिर सिद्धान्त विपरित निर्णय भएको देखियो। अवएवः प्रतिवादीहरु दुवै जनाबाट बरामद भएको १८६४ ग्राम सुनको विगो रु. ९२,३६,८८४।- भएको देखिदा सोही विगोको दामासाहीले प्रतिवादीहरुलाई विद्यमान कानून अनुकूल एवं न्यायसँगत जरिवाना ठहर गर्नु न्यायोचित हुने देखिन आयो।

१९. पुनरावेदकले कैद सजायको सम्बन्धमा लिएको जिकिर तर्फ हेर्दा, प्रतिवादीहरुलाई भन्सार ऐन, २०६४ को दफा ५७(ग) बमोजिम पचास लाख रुपैया भन्दा बढि एक करोडसम्मको बिगोमा तीन महिनादेखि एक बर्षसम्म कैद गर्न सकिने प्रावधान रहेको र बरामद सुनको परिमाण हेर्दा प्रस्तुत विवादमा रु. ९२,३६,८८४/- विगो रहेको देखिन आयो। यस आधारमा हेर्दा कसूरदारलाई न्यूनतम ३ महिनादेखि १ बर्षसम्म कैद गर्न सकिने अवस्थामा विवाद देखिदैन। तर शुरु निर्णय हेर्दा प्रतिवादीहरु दुवैलाई जनही ९ महिना कैद ठेकी

सकेपछि पुनः बाँकी ३ महिनाको कैद वापत भनि प्रति महिना रु. १५२१/- को दरले कैद वापत रु. ४५६३/- भनि निर्णयको ठहर खण्डमा उल्लेख भएको देखिन आयो। यसरी शुरु निर्णय गर्दा एकातिर जनही ९ महिना कैद ठेक्ने, त्यसपछि फेरी ३ महिनाको कैद वापत रकम तोक्ने कार्य उक्त निर्णयमा द्वयर्थ लाग्ने गरी उल्लेख भएको पाईयो। मूलतः निर्णयकर्ताले निर्णय गर्दा कैद जरिवानाको सम्बन्धमा द्वयर्थ लाग्ने एवं अनिश्चित तवरले नबोली एकिन तवरमा सुनिश्चिततासाथ बोल्नु पर्दछ। अदालत वा न्यायिक निकायको फैसलामा निर्णयकर्ताले बोलेको वा ठहर गरेको कुरामा बहु अर्थ नलागोस् भनि निर्णयकर्ता सजक र सचेत रहनु पर्दछ। तर प्रस्तुत विवादमा त्यस्तो नपाइदा कैदको हदसम्म शुरु निर्णय मिलेको देखिएन। अतएवः कैदतर्फ प्रतिवादीहरुलाई जनही ९ महिना कैद गर्दा नै न्यायको मकसद समेत पुरा हुने देखिँदा सो भन्दा बढि कैद सजाय निर्धारण गर्नुपर्ने देखिन आएन।

२०. अत माथि विवेचित तथ्य एवं कारण समेतको आधारमा त्रिभूवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७५/१२/१४ मा प्रतिवादीहरुबाट बरामद भएको सुनको बिगो बराबर प्रतिवादीहरुलाई जनही ९२,३६,८८४/- जरिवाना एवं ९ महिना कैद हुने ठहराई भएको शुरु निर्णय बरामद विगो बमोजिमको जरिवाना दामासाहीले हुनुपर्ने तर्फ केही उल्टी भै उक्त सुनको विगो वापतको जरिवाना प्रतिवादीद्धय JALALUDHEEN VYPINPADATH KUNJU MOHAMMED र ARSHAD CHOLAYIL बाट दामासाहीले असूल उपर हुने तथा वाकी ३ महिना कैद वापतको जरिवाना गर्ने गरी शुरु निर्णयमा खुलाईएका विवरण व्यहोरा कायम नहुने गरी सो हदसम्म उल्टी गरिदिएको छ। अरुमा पुनरावेदकको जिकिर पुग्न सक्दैन। अरु तपसील बमोजिम गर्नू।

## तपसील

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीहरुलाई जनही रु. ९२,३६,८८४।— जरिवाना गर्ने गरी भएको शुरु निर्णय सो हदसम्म केही उल्टी भै उक्त सुनको विगो वापतको जरिवाना प्रतिवादीहरु Aarshad Cholayil र Jalaludheen Vypinadath Kunju Mohammed बाट दामासाहीले असुल उपर हुने ठहरी फैसला भएको हुँदा निज प्रतिवादीहरूबाट जनही रू. ४६,१८,४४२ जरिवाना असूल उपर गर्नु भनि त्रिभूवन विमानस्थल भन्सार कार्यालयमा लेखि पठाउनु.............................................................................................१

प्रतिवादीद्धय JALALUDHEEN VYPINPADATH KUNJU MOHAMMED र ARSHAD CHOLAYIL को हकमा ३ महिना कैद वापतको जरिवाना गर्ने गरी शुरु निर्णयमा खुलाईएका विवरण व्यहोरा कायम नहुने गरी सो हदसम्म उल्टी शुरु हुने ठहर भएको हुँदा उक्त कैद वापतको

जरिवाना मिनाहा गरिदिनु भनि त्रिभूवन विमानस्थल भन्सार कार्यालयमा लेखि पठाउनु................२
फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु...३
प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू...........................................................................४

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हाम्रो सहमती छ ।

| | |
|---|---|
| डम्बर बहादुर कार्की<br>(लेखा सदस्य) | जीवन कुमार घिमिरे<br>(राजस्व सदस्य) |

फैसला तयारीमा सहयोग गर्नेः-शाखा अधिकृत प्रमोद रिजाल
इति सम्वत् २०७६ साल कार्तिक महिना ०३ गते रोज १ शुभम् ...........................